# National News

13/4/2024

मुख्य समचार

- प्रधानमन्त्रीले देशवासीलाई दिनु भयो बैसाखी तिहारको बधाई
- राष्ट्रपति, उप-राष्ट्रपति र प्रधानमन्त्रीले अर्पण गर्नुभयो जालियानवाला बागका शहीदहरूप्रति श्रद्धान्जली
- केन्द्रीय गृह मन्त्रीले तमिलनाडुको कन्याकुमारीमा गर्नुभयो रोड शो
- पन्जाबमा अकाली दलले गऱ्यो तेह्रवटा लोकसभा निर्वाचन क्षेत्रबाट सातवटा सीटमा आफ्नो उम्मेदवारको घोषणा
- सरकारले ग्यासले चल्ने बिजुली सम्यन्त्र चलाउन शुरू गर्ने लियो निर्णय

प्रधानमन्त्री-बैसाखी

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले देशवासीलाई बैसाखी तिहारको बधाई दिनु भयो। सोशल मीडिया पोस्टमा उहाँले फसल कटाईको यो तिहारले हरेकको जीवनमा खुशी ल्यावोस् भन्दै कामना गर्नुभएको छ। श्री मोदीले भन्नुभयो, बैसाखीको यो तिहारले आफ्नो राम्रो परम्पराका साथ जीउने र एकजुटताको भावनालाई प्रगाढ गर्ने अवसर हो ।

श्रद्धांजलि- जलियांवाला बाग नरसंहार

राष्ट्रपति, उप-राष्ट्रपति र प्रधानमन्त्रीले जालियानवाला बागका शहीदलाई श्रद्धान्जली अर्पण गर्नुभयो। राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले सोशल मीडिया पोस्टमा भन्नुभयो, स्वराजका लागि प्राणको उत्सर्ग गर्ने सबै महान आत्मा प्रति राष्ट्र सदैव ऋणी रहन्छ। राष्ट्रपतिले विश्वास व्यक्त गर्दै भन्नुभयो, जालियानवाला बाग़को बलिदानले देशभक्तिको भावना भएका पीढ़िलाई सधै प्रेरित गर्ने छ। उप-राष्ट्रपति श्री जगदीप धनखड़ले सोशल मीडिया पोस्टमा देशवासीसंग स्वतन्त्रता र न्यायको मूल्यका लागि स्वयंलाई फेरी समर्पित गर्ने आग्रह गर्दै भन्नुभयो, यो हाम्रो स्वतन्त्रता संघर्षको आधार हो । प्रधानमन्त्री श्री नरेन्द्र मोदीले जलियानवाला बाग नरसंहारका वीर शहीदहरूलाई श्रद्धांजलि दिनु भएको छ । यो नरसंहार तेह्र अप्रेल उन्नाइस सय उन्नाइसमा बैसाखीको दिन भएको थियो जब ब्रिटिश जनरल श्री डायरले पन्जाबमा अमृतसरको जालियानवाला बागमा निहत्थे भारतीयमा गोली चलाएका थिए । यस घटनामा सय करोड मानिसहरूको मृत्यु भएको थियो अनि धेरै मानिसहरू घाइते भएका थिए।

अमित शाह-निर्मला सीतारामन - चुनाव प्रचार

भारतीय जनता पार्टीका वरिष्ठ नेता र केन्द्रीय गृह मन्त्री श्री अमित शाहले आज तमिलनाडुको कन्याकुमारीमा रोड शो गर्नु भयो। कन्याकुमारी जिल्लाको ठक्कलाईमा उहाँले भन्नुभयो, केवल प्रधानमन्त्री श्री नरेन्द्र मोदी नै तमिलनाडुका मानिसका लागि चिन्तित हुनुहुन्छ र उहाँले श्री सेङ्गोललाई संसदमा राखेर तमीललाई महत्व दिनुभयो। श्री शाहले भन्नुभयो, श्री द्रविड मुनेत्र कडगमले सनातन धर्म र अयोध्यामा राम मन्दिरको विरोध गरेर बहुसंख्यकको भावनालाई आहत गर्नु भयो। उहाँले भन्नुभयो, भाजपाले विकसित भारतको दिशामा सबै वर्गको रक्षा गरीरहेको छ र उहाँलाई साथ लिएर अघी बढ्दैछ। श्री शाहले भन्नुभयो, श्री द्रविड मुनेत्र र कंग्रेस घोटालाको पर्याय हो।

तन्जावुरमा भाजपाकी वरिष्ठ नेता श्रीमती निर्मला सीतारामनले भाजपाको सरकारले पछिलो दस सालमा विभिन्न योजना लागू गरेको बताउनु भयो। उहाँले भन्नुभयो, श्री द्रविड मुनेत्र कडगम र कंग्रेसले राज्यका मनिसका लागि खोक्रो दाव सिवाय अरू केही गरेको छैन।

अनुराग ठाकुर- मध्य प्रदेश प्रचार

केन्द्रीय मन्त्री श्री अनुराग ठाकुरले आज मध्य प्रदेशको पाण्ढु रणामा विपक्षी गठबन्धनको आलोचना गर्दै भन्नुभयो, यस गठबन्धनमा कुनै एक जना नेता, एक विचारधारा र एक नेतृत्व छैन। यसको संकल्प पनि एक छैन र यीनको घोषणा पत्रमा पनि समानता छैन। मीडियासंग कुरा गर्दै उहाँले भन्नुभयो, विपक्षी गठबन्धन टुक्रा-टुक्रामा बाँडिएको गठबन्धन हो र घोषणा पत्र पनि टुक्रामा बाँडिएको छ। देशले यसलाई स्वीकार गर्ने छैन ।

पञ्जाब - लोकसभा चुनाव

पन्जाबमा अकाली दलले तेह्रवटा लोकसभा निर्वाचन क्षेत्रबाट सातवटा सीटमा आफ्नो उम्मेदवारको घोषणा गरेको छ। पार्टीका प्रवक्ताले समितिको निर्णय अनुसार सातजना उम्मेदवारको पहिलो सूची जारी गर्दैगरेको बताउनु भयो। प्रोफेसर श्री दलजीत सिंह चीमालाई गुरदासपुर, श्री प्रेम सिंह चन्दूमाजरालाई आनन्दपुर साहिब, श्री एन.के. शर्मालाई पटियाला, श्री अनिल जोशीलाई अमृतसर, श्री बिक्रम सिंह खालसालाई फतेहगढ साहिब, श्री राजविन्दर सिंहलाई फरीदकोट र श्री इकबाल सिंहलाई सङ्गरूर लोकसभा निर्वाचन क्षेत्रबाट उम्मेदवार बनाइएको छ। प्रवक्ताले बताउनु भएको छ, शेष छ निर्वाचन क्षेत्रका लागि उम्मेदवारको घोषणा शीघ्र नै गरीनेछ।

बिहार -राजद घोषणा पत्र

बिहारमा, राष्ट्रीय जनता दलले लोकसभा चुनावको घोषणा-पत्रमा, देशमा प्रतिवर्ष एक करोड़ सरकारी नोकरी र गरीब परिवारका महिलालाई प्रतिवर्ष एक लाख रुपियाँ दिने बचन दिएको छ। राजद नेता श्री तेजस्वी प्रसाद यादव र पार्टीका अन्य वरिष्ठ नेताले आज पटनामा परिवर्तन पत्र नामको पार्टीको घोषणा-पत्र जारी गर्नु भएको छ। पार्टीले इण्डी गठबन्धन सत्तामा आयो भने बिहारलाई विशेष राज्यको दर्जा दिने बचन दिएको छ। घोषणा-पत्रमा चौबीस जन वचनलाई पूरा गर्ने प्रतिबद्धता व्यक्त गरिएको छ। श्री तेजस्वी यादवले भन्नुभयो, दुई सय यूनिट निशुल्क बिजुली र पाँच सय रुपियाँको भान्सा ग्यास सिलेण्डर पनि दिइने छ। उहाँले भन्नुभयो, बेरोजगारी मुक्ति मुख्य मुद्दा हो। पार्टीले इण्डी गठबन्धनको सरकार बन्नमा र अग्निवीर योजनामा परिवर्तन गरिनेछ र पुरानो पेन्शन योजना पनि लागू गरिनेछ । घोषणा-पत्रमा भनिएको छ, गोपालगन्ज, भागलपुर, रक्सौल, मुजाफ्फरपुर र पूर्णियामा पाँचवटा नयाँ हवाई अड्डा खोलिनेछ।

चुनाव प्रचार

लोकसभा चुनावको पहिलो चरणको प्रचार तीव्र भएको छ। राजनीतिक दलका नेताहरूले आफ्ना उम्मेदवारको समर्थनका लागि देशका विभिन्न भागमा रेली र रोड शो गरिरहेका छन्। पहिलो चरणमा सत्रवटा राज्य र चारवटा केन्द्र शासित प्रदेशको लोकसभाको एक सय दुई सीटका साथ-साथै सिक्किम विधानसभाको बतीस अनि अरुणाचल प्रदेशको साठ्ठीवटा विधानसभा सीटका लागि उन्नाइस अप्रेलमा मतदान हुनेछ।

भारतीय जनता पार्टीका अध्यक्ष श्री जगत प्रकाश नड्डाले आज नागाल्याण्डमा एग्री एक्सपो चुमुकेडिमा-मा एन.डी.ए रेलीलाई सम्बोधन गर्नुभयो। उहाँले आश्वासन दिनुभयो, पूर्वोत्तरका लागि प्रधानमन्त्री श्री नरेन्द्र मोदीको दृष्टिकोण पूर्वोन्मुखी नीति सम्म नै सीमित छैन। यस क्षेत्रलाई 'दक्षिण एशिया र पूर्वी एशियाको प्रवेश द्वार' बनाउनु पनि छ। श्री नड्डाले भन्नुभयो , कंग्रेस शासनमा पूर्वोत्तर विभाजनकारी राजनीतिले ग्रस्त थियो तर भाजपा र एन.डी.पी.पी-को शासनमा यसलाई एक आदर्श राज्यमा बदलिनेछ।

दिल्ली रेलवे

उत्तर रेलवेको दिल्ली मण्डलले ग्रीष्मकालमा रेलवे स्टेशनमा पेयजलको पर्याप्त उपलब्धता सुनिश्चित गर्न प्रति सम्बन्धीत अधिकारीलाई निर्देश दिएको छ। दिल्ली मण्डलद्वारा जारी प्रेस विज्ञप्ति अनुसार गरम मौसमलाई मध्य नजरमा राख्दै रेलवे स्टेशनमा यात्रीका लागि पेयजलको उपलब्धता सुनिश्चित गरिँदैछ। रेलवे स्टेशनमा लगाइएका वाटर कूलरले पूरा क्षमताले काम गरोस् भन्ने पनि सुनिश्चित गरिँदैछ। यसका अतिरिक्त प्लेटफर्ममा पेयजलको उपलब्धता रहोस् भनी नियमित निरीक्षण पनि गरिँदैछ। विज्ञप्तिमा दिल्ली मण्डल

यात्र◌ीलाई आरामदायक र सुविधाजनक यात्रा उपलब्ध गराउनेप्रति संकल्पित छ र रेलवे स्टेशनमा पेयजलको उपलब्धता सुनिश्चित गरिँदैछ, भनीएको छ।

<u>सरकार - ग्रीष्मकालीन बिजली</u>

सरकारले ग्रीष्मकालमा देशमा बिज◌ुलीको मांग पूरा गर्नका लागि ग◌्यासले चल◌्ने बिज◌ुली सम्यन्त्र चलाउन शुरू गर्ने निर्णय लिएको छ । ग◌्यास-चालित केन्द्रबाट अधिकतम बिज◌ुली उत्पादनका लागि सरकारले निर्देश जारी गरेको छ। यो आदेश अग◌िल◌ो महीन◌ाको पह◌िल◌ो तारीख़ देखी तीस जून सम्म मान्य रहनेछ।